# अर्जुनचौपारी गाउँपालिका स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविविधि, २०७६

आ.व. २०७६/६६

अर्जुनचौपारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
स्याङ्जा
कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०५/२४

# अर्जुनचौपारी गाउँपालिका स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविविधि, २०७६

**प्रस्तावना** : आर्थिक बर्ष २०७६/७७ को लागि अर्जुनचौपारी गाउँपालिकाबाट स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्वास्थ्य सम्वन्धि कार्यक्रमलाई सरल, व्यवस्थित र प्रभावकारी ढंगले कार्यक्रम गर्न वान्छनीय भएकोले अर्जुनचौपारी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## १ एकिकृत स्वास्थ्य शिविर

| | |
|---|---|
| उद्देश्य | अर्जुनचौपारी गाँउपालिका स्याङ्गजा जिल्ला सदरमुकाम भन्दा टाढा रहेको र कुनैपनि प्राथमिक स्वास्थ्य केन्द्र समेत नहँदा यस क्षेत्र का छ वटै वडाका नागरिकहरु आधारभुत स्वास्थ्य सेवा लिन स्वास्थ्य चौकी पुगी घण्टौ लाग्ने भएकोले निशुल्क स्वास्थ्य सेवा लिनवाट केहि असहज महशुस भइ रहेको कारण दुर दराजमा रहेका नागरिक प्रति जवाफदेहि हुदै संविधानको व्यवस्था मुताविक हरेक टोल टोलमा एकिकृत स्वास्थ्य शिविर मार्फत सेवा प्रवाह गर्ने र जनताको जीवनयापनलाइ सहज वनाउने । |
| लक्षित समूह | सवै उमेर समुहका आम नागरिकहरु । |
| कार्यक्रम सञ्चालन गर्ने समय | प्रत्येक चौमासीक मा दुइ पटक गरी जम्मा ६ पटक । |
| विनियोजन रकम | प्रत्येक पटकको लागी पचास हजार गरी जम्मा वार्षिक **तिन लाख मात्र** । |
| कार्यक्रम सञ्चालन विधि | • स्वास्थ्यसंस्थाकोपहुचवाटटाढारहेकास्थानमाविशेषज्ञसहितकोघुम्तिस्वास्थ्य शिविरसञ्चालनगर्नसकिने, गाँउपालिका स्वास्थ्य शाखाले गत आ व को ओ पि डि विरामीको अवस्था विश्लेषण समेत गरेर स्थान एकिन गर्न उपयुक्त हुने ।<br>• स्थानको एकिन भैसके पछि स्वास्थ्य शाखाका कर्मचारी हरु शिविर सञ्चालन पुर्व एक दिन अगाडी सो स्थानमा पुगी स्थानिय जनप्रतिनिधि, स्वयंसेवक,विभिन्न क्लव, आमासमुह, टोल विकाशका अध्यक्ष लगाएत कम्तिमा १५ जना सग शिविरमा हुने सेवा लगाएत विषयमा छलफल चलाइ सकेसम्म सेवा सवै नागरिकको पहुँचमा पुर्याउन प्रयास गर्नुपर्ने छ । प्रचार प्रसारको लागी विधालयका विधार्थीहरुलाई पनि सूचना सम्प्रेषण हुने । |

| | |
|---|---|
| | • कम्तिमा प्रत्येक शिविरमा तिन जना विशेषज्ञ सहित **मेडिकल अफिसर,पारामेडिकल कर्मचारी, नर्सींङ्, प्रयोशाला कर्मचारी, आवश्यकता अनुसार अन्य प्राविधिक तथा सहयोगी कर्मचारीहरु लाई खटाउन सकिने** र सो को लागी प्रदेश सामाजिक मन्त्रालय सँग समेत समन्वय गर्न सकिने ।<br>• विनियोजित वजेटको परिधि र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग को सहकार्यमा विनियोजित वजेटवाट औषधि खरीद गर्न नपुग भएमा शसर्त **तर्फको औषधि खरीद शिर्षकवाट व्यवथा** गर्न सकिनेछ ।<br>• स्वास्थ्य शिक्षा कर्नर सञ्चालन गर्ने । मल्टिमिडिया प्रयोग गर्न सकिने । |
| बजेट वाँडफाड | • कार्यक्रममा खटिएका कर्मचारीको लागी दै भ भ भुक्तानी गर्दाः भ्रमण खर्च नियमावलि मा भएको व्यवस्था अनुसार गर्ने<br>  • पहिलो दिन सहभागीहरुलाइ खाजा स्वरुप रु १५०। खर्च गर्न सकिने<br>  • शिविरको दिनमा सहभागी कर्मचारीलाइ खाजा प्रति व्यक्ति रु १५०। का दरले खर्च गर्न सकिने ।<br>  • विशेषज्ञ लगाएत अन्य कर्मचारी को यातायात व्यवस्था गर्न र सामान ढुवानी गर्न दोहोरो नपर्ने गरि सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावलि २०६४ अनुसार गर्ने ।<br>  • आवश्यक औजार तथा औषधि खरीद गर्न सार्वजनिक खरिद ऐनको व्यवस्था अपनाउने ।<br>  • अन्य मसलन्द र प्रचारप्रसार का सामग्री निर्माणमा समेत रकम खर्च गर्न सकिने । |
| अपेक्षित प्रतिफल | • विभिन्न रोगको संङ्क्रमणको अवस्था पत्ता लगाउन सहयोग पुग्ने ।<br>• सर्ने तथा नसर्ने रोगको रोकथाम गर्न सहयोग हुने ।<br>• विभिन्न स्वास्थ्य समस्याको स्क्रिनिङ्ग हुने र समयमै रिफर भै समस्या वल्झन वाट वच्ने र ठूलो आर्थिक क्षतिवाट नागरिक वच्ने । |
| अभिलेख तथा प्रतिवेदन | गाँउपालिका स्वास्थ्य शाखाले HMIS मा भएका OPD ticket, OPD register लगाएत रेकर्ड रजिष्टरमा रेकर्ड गरी गा पा मार्फत स्वास्थ्य कार्यालय तथा स्वास्थ्य निर्देशनालयमा रिपोर्ट गर्न सकिन्छ । |

**२.७० वर्ष माथिका जेष्ठ नागरिकको नियमित स्वास्थ्य परिक्षण कार्यक्रम ।**

| | |
|---|---|
| उद्देश्य | हाम्रो यस अर्जुनचौपारी गाँउपालिकामा सामान्यतया टर्सरी लेवलका कुनैपनि अस्पताल नरहेको साथै जेष्ट नागरीक हरु दिनानुदिन स्वास्थ्य समस्यावाट थप पिडित वन्दै गैरहेको सन्दर्भमा निजहरुको घर घर मै गई स्वास्थ्य कर्मीहरुवाट महिनाको एक पटक स्वास्थ्य समस्याहरु पहिचान गरी औषधिको व्यवस्थापन |

| | |
|---|---|
| | गर्नुका साथ साथै नियमित फलोअप र परिवार जनलाई स्वास्थ्य शिक्षा प्रदान गरि उपयुक्त हेरविचारमा सहायता प्रदान गर्ने । |
| लक्षित समुह | ७० वर्ष उमेर नाघेका हरेक नागरिक । |
| कार्यक्रम सञ्चालन समय | यस गाँउपालिका भित्रका सम्पुर्ण वडा हरुमा मासीक एक पटक गरी **वर्ष भरीमा १२ पटक** गर्नुपर्ने छ । |
| वजेट | गाँउपालिका वाट विनियोजित वजेट **रु तिन लाख रुपैया** र थप सहयोग अन्य गै स सस्था हरु सग पनि लिन सकिने छ । |
| कार्यक्रम सञ्चालन विधि | • गाँउपालिकाको सामाजिक सुरक्षा शाखावाट आफ्नो क्षेत्र भित्र भएका जेष्ठ नागरिकहरुको सुचि लिइ सोहि अनुसारको योजना वनाउनु पर्नेछ।<br>• हरेक वडा स्थित स्वास्थ्य संस्था प्रमुखहरुको एकदिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने र नियमित स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन वारे जानकारी दिने<br>• सम्वन्धित स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मी मध्ये हरेक महिना टोल अनुसार कार्यतालिका वनाइ वडा अध्यक्ष मार्फत सिफारिस गराइ गाउँपालिका वाट समेत स्विकृत गर्ने र सो कार्यक्रममा तपशिल अनुसार कर्मचारी खटाउने ।<br>➢ हे अ वा अ हे व १ जना<br>➢ अ न मी १ जना<br>• सो कार्यक्रममा कमसेकम तपशिल अनुसार का तथ्यांक लिनुपर्ने हुन्छ । जस्तै १. **रक्तचाप २. Blood Sugar ३. पिसाव वाट प्रोटिन र सुगरको लेवल ४. रगतमा अक्सीजनको मात्रा ५. आँखाको भिजुअल एक्वेशि ६. महिला हरुको लागी पाठेघरको अवस्था र उपचार तथा स्क्रिनिङ्ग** समेत<br>• जेष्ठ नागरीक स्वास्थ्य जाँच कार्डको विकास गर्न सकिन्छ । जस्मा एक वर्ष सम्मको स्वास्थ्य स्थिति सजिलै देख्न पाइने छ साथै वाहिर अस्पतालवाट भएको उपचार र निदानलाइ कैफियत महलमा उल्लेख गर्न उपयुक्त हुनेछ ।<br>• रेकर्ड राख्नको लागी HMIS OPD Register पनि प्रयोग गर्न सकिन्छ साथै आफै नयाँ विकाश गर्न पनि सकिन्छ ।<br>• लक्षण अनुसार स्वास्थ्य कर्मीले औषधि वितरण गर्ने र रेकर्ड दुरुस्त राख्ने ।<br>• यो कार्यको लागी कार्यतालिका वनाउदा वढिमा एक वडामा ५ दिन भन्दा वढि नहुने गरी वनाउने । |
| वजेट बाँडफाड | • स्विकृत कार्य तालिका अनुसार खटिने स्थानिय स्वास्थ्य कर्मी लाइ प्रतिदिन रु ७००। **सातसय यातायात खर्च दिने र यदि वाहिर वाट विज्ञ वोलाइएमा वा अन्य कर्मचारी** प्रयोग भएमा भ्रमण खर्च नियमावलि तथा अर्थ |

| | |
|---|---|
| | मन्त्रालयको निर्देशन अनुसार गर्ने । |
| अपेक्षित प्रतिफल | • जेष्ठ नागरीक हरुद्धारा घरमै स्वास्थ्यकर्मी पाउँदा निकै सम्मानित भएको महशुस गर्ने छन ।<br>• सरदर आयु लामो हुदैजाने छ ।<br>• कुनै पनि शारीरीक समस्याको समयमै पहिचान भै निदान र उपचार समयमै हुनेछ । |
| प्रतिवेदन | हरेक महिनाको मासीक रिपोर्टिङ्को दिनमा सम्वन्धित **स्वास्थ्य संस्था मार्फत गाँउपालिका मा रिपोर्टिङ् गर्नुपर्ने** छ र गाँउपालिका वाट समय समयमा अनुगमन, मुल्यांकन तथा सुपेरिवेक्षण साथै तथ्यांक को विश्लेषण सहित गाँउ कार्यपालिकामा पेश गर्ने उपयुक्त हुन्छ । यस प्रयोजनको लागी एक छुट्टै रिपोर्टिङ्ग फाराम विकाश गरी लागु गर्नु उपयुक्त हुन्छ । |

**३ सूनौलो हजार दिनका गर्भवति तथा सुत्केरी महिलाको लागी पोषण कार्यक्रम**

| | |
|---|---|
| उद्देश्य | • गाँउपालिका भित्र रहेका सुनौलो १००० दिनका हरेक महिला तथा वालवालिका को पोषण लाई महत्व दिइ उत्प्रेणा जगाउने साथै उमेर अनुसार कम तौलका वालवालिकाको संख्या र जन्म समेत शुन्य मा झार्ने<br>• पोषिलो खानाको माध्यमवाट तिक्ष्ण वुद्दि भएको र स्वस्थ्य वालवालिकाको विकास गरी वालवालिकाको उपचारमा लाग्ने लागतको भार घटाउने |
| लक्षित समुह | १००० दिन भित्रका महिला तथा वालवालिका |
| कार्यक्रम सञ्चालन समय | हरेक महिना सञ्चालन हुने तर प्रत्येक चौमासीक का हिसावले गणना गरी स्थानिय स्वास्थ्य संस्था लाइ वा गाँउपालिका फोकल पर्सनलाइ पेश्की उपलव्ध गराउने । |
| वजेट | **रु २०००००। दुइलाख मात्र** |
| कार्यक्रम सञ्चालन विधि | • चालु आ व को आषाढ महिनाको पहिलो पटक को गर्भवति जाँच गरेका महिलाहरु को तथ्यांक DHIS 2 वाट लिने वा गाँउपालिकाको रेकर्डवाट भिडाइ हेरी योजना वनाउने ।<br>• सम्वन्धित स्वास्थ्य संस्थाले गर्भवतिको एकिन गरी मात्र गा पा वाट अण्डाको मागगर्ने ।<br>• गर्भवति महिलाको पहिलो भेट दिन समेत गनेर ९० दिन पुगेपछि स्वास्थ्य संस्था पुगेको दिन देखि नैं गर्भवति जाँच सम्वन्धि सेवा सवै दिइसकेपछि प्रत्येक दिन गनेर **१ महिनालाइ पुग्ने गरी स्वस्थ अण्डा ,फलफुल वितरण गर्ने ।**<br>• गाउँपालिका क्षेत्र भित्रका सवै लक्षित महिला लाइ प्रत्येक महिनाको |

| | |
|---|---|
| | हिसावले हरेक महिना वितरण गर्दै जाने । ती महिलालाइ स्वास्थ्य संस्थामा नै सुत्केरी हुन प्रोत्साहित गराउनका साथै अण्डा र आइरन चक्कि सुत्केरी भएको ४५ दिन सम्मको लागी वितरण गर्ने । साथै विनियोजित रकमको अवस्था हेरी पुग्ने भएमा २ वर्ष मुनिका वालवालिका सम्म लाइ पनि वितरण गर्न सकिने ।<br>• अण्डाको पिस गणना गरेर आवश्यक भर्पाइ गराउने<br>• **गर्भवति जाँच कार्ड, गर्भजाँच रजिष्टरको फोटोकपी , संभव भएसम्म वच्चाको जन्म दर्ता र अण्डा वुझिलिएको भर्पाइ** समेत संलग्न राखि गाउँपालिकामा पेश गरी पे फ गर्ने ।<br>• गाँउपालिका वाट गुणस्तर निश्चित गर्न सप्लाएर्स मार्फत उत्पादन मिति र प्रयोग गर्न सकिने मिति समेत उल्लेख गरेर सार्वजनिक खरिद ऐन २०६४ लाइ मध्यनजर गर्दै सामानको आपुर्ति गर्ने<br>• दुरुपयोग हुन नदिन गाँउपालिका वाट अनुगमन गर्नुका साथै सम्वन्धित स्थानिय वडा कार्यालयमा सेवा लिने महिलाको नाम तथा फोन नं सहित सुचना पाटिमा प्रत्येक महिना टाँस गरी सामाजिक परीक्षण गर्ने । |
| वजेट वाँडफाड | विनियोजित वजेटको परिधि भित्र रहि गाँउपालिका स्वास्थ्य शाखा मार्फत रकम निकासी गरी सार्वजनीक खरिद ऐन अनुसार खरिद गरी भुक्तानि दिने । अनुगमनको लागी दै भ भ खर्च समेत यसैमा संलग्न रहेको । |
| अपेक्षित प्रतिफल | • प्रोटोकल अनुसार वा हरेक महिना गर्भवति जाँचको सुनिश्चित हुने । ANC check up 100%<br>• Institution Delivery हुने महिलाको संख्यामा वृदि हुने ।<br>• PNC check up को सुनिश्चितता हुने वा जाँचको दर सत प्रतिशत पुग्ने जसका कारण मातृमृत्यु शुन्य हुने ।<br>• कम तौलको वालवालिकाको जन्म दर हालको राष्ट्रिय तथ्यांक भन्दा २० प्रतिशत ले कम हुने ।<br>• वालवालिकाको रुग्णता दर घट्ने । |
| अभिलेअ प्रतिवेदन | • मातृ सेवा रजिष्टरमा हरेक महिनाको कोलममा एककोलम थप गरी अण्डा वितरणर संख्या उल्लेख गर्ने ।<br>• सामान प्राप्त भएपछि जिन्सी खातामा सम्वन्धित संस्थाले आम्दामी वाधि खर्च घटाउने व्यवस्था मिलाउने ।<br>• भर्पाइ आफै विकाश गर्ने ।<br>• वडा कार्यालयलाइ वोधार्थ दिइ गाउ पालिका मा हरेक महिना प्रतिवेदन गर्ने र गाँउपालिका स्वास्थ्य शाखा ले चौमासीक रुपमा अनुगमन प्रतिवेदन साथ सवै वडामा भएको प्रतिवेदन संलग्न राखि प्रमुख प्रशासकिय अधिकृत |

| | |
|---|---|
| | मार्फत कार्यपालिकामा पेश गर्ने । |

### ४ सुरक्षित गर्भपतन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम

| | |
|---|---|
| उद्देश्य | • जिल्ला अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र सम्मको पहुँच वाट पनि निकै टाढा रहेको यस गाँउपालिका भित्र रहेका गरिविको रेखाका, पहुँच भन्दा टाढा रहेका तथा दलित तथा जनजाति लगाएत सवै महिलाको संविधानमा व्यक्त भएको प्रजनन अधिकार को सुनिश्चत गर्न विभिन्न शिविर मार्फत प्रजनन स्वास्थ्यमा सुधार ल्याउने । पाठेघरको मुखको क्यान्सरको संभावित व्याक्तिहरुको स्क्रिनिङ्ग गर्ने, फिस्टुलाको पहिचान र उपचारमा सहयोग । |
| लक्षित समुह | १५ वर्ष देखि ६० वर्ष सम्मका महिला विशेषगरी पाठेघरको मुखको क्यान्सरको जोखिममा रहेका महिला तथा पाठेघर खस्ने समस्या भएका महिलाहरु |
| कार्यक्रम सञ्चालन समय | पहिलो चौमासीक मा एक पटक र तेश्रो चौमासीक मा एक पटक |
| वजेट | हरेक पटकको लागी एक लाख गरी जम्मा **दुइ लाख मात्र** |
| कार्यक्रम सञ्चालन विधि | • **दोस्रो चौमासीक मा भि आइ ए जाँच गर्ने ।**<br>• गाँउपालिकाभित्र रहेका सवै वडा हरुमा शिविरको रुपमा १५ वर्ष देखि ६० वर्ष सम्मका विवाहित महिला लाइ लक्षित गरि भि आइ ए जाँच गर्ने ।<br>• भि आइ ए तथा रिङ्ग पेशरी राख्ने तालिम प्राप्त मेडिकल अफिसर,नर्सको व्यवस्थाका लागी स्वास्थ्य कार्यालय वा निर्देशनालयसँग सहयोग मागी कार्यक्रम सञ्चालन गर्नुपर्ने । सकेसम्म विगतका वर्षमा सञ्चालन भएको स्थान छनौट नगर्ने ।<br>• संभव भए सम्म लक्षित उमेरका कुनै पनि महिला नछुट्ने गरी वा सतप्रतिशत प्रगति हुने व्यवस्था मिलाउने ।<br>• आवश्यक औषधि खरीद गर्दा यसै विनियोजित रकम वाट पनि खर्च गर्न सकिने तथा गाँ **पा ससर्त तर्फको रकम वाट खरीद गरी पनि कार्यक्रम सञ्चालन गर्न सकिने ।**<br>• सो जाँचवाट शंकास्पद तथा अन्य जाँच गर्न आवश्यक वा क्रायोथेरापि गर्न आवश्यक भनि स्क्रिनिङ्ग भएका विरामीको तथ्यांक संकलन गरी गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय सँगको राय सल्लाहमा माथिल्लो निकायमा जान आउनको लागी यातायातको व्यवस्था |

| | |
|---|---|
| | मिलाइदिन सकिने । **यातायातको लागी रु १०००। सम्म प्रति व्यक्ति दिन सकिनेछ ।**<br>• संभव भएमा भिजुवल एड मार्फत यौन रोग रोकथाम तथा यौनाङ्ग सरसफाइ सम्वन्धि स्वास्थ्य शिक्षा समेत दिन सकिन्छ ।<br>• छनौटगरिएको स्थानमा स्क्रिनिङ क्याम्प गर्नु भन्दा कम्तीमा १ हप्ता पहिले नै प्रचार प्रसारको व्यवस्था ममलाउनु पर्नेछ।<br>• शिविरमा आएका प्रत्येक महिलालाईअब्स्टेटिक फिस्टुला निदानका लागि निम्न दुई प्रश्न अनिवार्य रूपमा सोध्नु पर्नेछ ।<br>• निरन्तर रूपमा दिसा , पिसाव चुहिने समस्या छ, छैन ?<br>• छ भने, कहिले देखी छ एकिन गर्ने । |
| वजेट बाँडफाड | हरेक वार्ड वा टोल समेत समेट्ने गरी कार्यक्रम गरीने हुदा कम्तिमा ८ दिन शिविरको रुपमा सञ्चालन गरियो भने पनि स्थानिय कर्मचारीका लागि दैनिक यातायात रु ७००। का दरले र वाहिरवाट वोलाइएका प्राविधिकको लागी दै भ भ नियमानुसार गर्ने ।<br>दै भ भ को लागी रु ४००००।<br>औषधि तथा रिङ्ग खरीद रु १५०००।<br>ढुवानि, खाजा तथा अन्य रु १००००।<br>रिफर विरामिको लागी यातायात रु ७०००।<br>अन्य रु २८०००।<br>• **तेश्रो चौमासीक स्त्री रोग शिविर**<br>➢ गाँउपालिका भित्र रहेका महिलाको महिला रोग सम्वन्धि स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।<br>➢ अघिल्लो वर्ष सञ्चालन नगरीएको स्थान छनौट गर्नुपर्ने छ ।<br>➢ स्त्री रोग विशेषज्ञ सहित कम्तिमा ५ जना संलग्न रहेको टोलि द्धारा विरामीहरुको जाँच गरी संभव भएसम्म प्रयोगशाला परिक्षण तथा भिडियो एक्स रे समेतको सेवा दिदा थप प्रभावकारी हुने छ ।विनियोजित वजेट पुगेमा दुइ ठाँउ वा पटक पनि गर्न उपयुक्त हुने ।<br>➢ यातायातको लागि खर्च रु २००००।<br>➢ खाजा रु १५०००।<br>➢ औषधि खरिद रु २००००।<br>➢ व्यवस्थापन खर्च रु १००००।<br>➢ दै भ भ लगाएत अन्य ३५०००। |
| अपेक्षित प्रतिफल | • महिलाहुरुको स्वास्थ्यको अवस्था मजवुद हुने ।<br>• रोगको दर निकै कम हुने । |

| | |
|---|---|
| | • पारिवारीक अवस्था राम्रो हुने ।<br>• क्यान्सर जस्तो भयावह रोगवाट वच्न सफल हुने । |
| अभिलेख प्रतिवेदन | ओ पि डि रजिष्टरलाइ नै प्रयोग गरी छुट्टै प्रतिवेदन वनाइ गाँउपालिकामा पेश गर्ने । |